# प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९

## प्रारम्भिक प्रतिवेदन

२०७९ मंसिर ४ गते

प्रतिनिधि सभाका लागि २ सय ७५ र प्रदेश सभाका लागि ५ सय ५० स्थानका लागि आज मंसिर ४ गते निर्वाचन भएको छ । नेपालको संविधान २०७२ जारी भएपछिको यो दोस्रो आवधिक निर्वाचन हो । यो निर्वाचनले सात वर्ष अघि जारी भएको नेपालको संविधानमा कार्यान्वयनको दिशामा देशलाई अगाडि बढाउने अपेक्षा गरिएको छ । लोकतन्त्रमा आवधिक निर्वाचनको महत्व हुने भएकाले निर्वाचनलाई निकै चासोसाथ हेरिएको थियो । निर्वाचनबाट प्रतिनिधि सभाका लागि प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिक प्रणालीबाट १ सय १० जना र प्रदेश सभाका लागि प्रत्यक्षबाट ३ सय ३० र समानुपातिक प्रणालीबाट २ सय २० जना गरी ५ सय ५० जना निर्वाचित हुनेछन् । यो निर्वाचन अनुगमनका लागि इन्सेकले देशका सबै जिल्लामा ७ सय ५१ जना पर्यवेक्षक परिचालन गरेको छ ।




इन्सेकका पर्यवेक्षक, इन्सेकका ७७ जिल्लामा रहेका प्रतिनिधि,यसका प्रदेश कार्यालयहरूले निर्वाचन पूर्व अवस्थाको विश्लेषण गरेका थिए र विश्लेषित प्रतिवेदन प्रकाशन गरिएको थियो । इन्सेकले विगत १० दिनदेखि दैनिक प्रतिवेदन प्रकाशन गर्नुका साथै, आचारसंहिता उल्लंघनका तथ्य तथ्याङ्क समेटिएको प्रतिवेदन सार्वजनिक गरेको थियो । इन्सेकले गरेको अनुगमनमा आचार संहिता उल्लंघनका घटनामा कमी आएको देखिएन । निर्वाचन आयोगले आचार संहिता उल्लंघनप्रति शुन्य सहनशीलताको नीति

अपनाएको भने पनि पालनकर्ताको अटेरीपन छताछुल्ल भयो। इन्सेकले पर्यवेक्षक तथा जिल्ला प्रतिनिधिबाट प्राप्त निर्वाचनसम्बन्धी गतिविधिहरू दिनभर इन्सेक अनलाइनबाट अपडेट समेत गरिएको थियो।

निर्वाचन आयोगकाअनुसार देशभर १ करोड ७९ लाख ८८ हजार ५ सय ७० जना मतदाता रहेका छन्। जसमध्ये ९१ लाख ४० हजार ८ सय ५ जना पुरुष, ८८ लाख ४७ हजार ५ सय ७९ जना महिला र १ सय ८५ जना अन्य मतदाता रहेका छन्। निर्वाचन आयोगले प्रतिनिधिसभाका लागि २ हजार ४ सय १२ जना, प्रदेशसभा सदस्यका लागि ३ हजार २ सय २४ जना उम्मेदवार रहेको जनाएको छ। देशभरमा १० हजार ८ सय ९२ मतदानस्थल, २२ हजार २ सय २७ मतदान केन्द्र रहेका छन्। त्यसैगरी यस निर्वाचनको पर्यवेक्षणका लागि ४४ ओटा राष्ट्रिय र दुई ओटा अन्तर्राष्ट्रिय संस्थाका ७ हजार २ सय १९ जना पर्यवेक्षक परिचालित छन्।

| जिल्ला | बम फेला | बम विष्फोट | घाइते |
|---|---|---|---|
| दाङ | ३ | | |
| गोरखा | १ | | |
| मुगु | ६ | | |
| दैलेख | १ | | |
| सुनसरी | २ | १ | १ |
| कैलाली | १२ | १ | |
| बर्दिया | ४ | १ | |
| झापा | १ | १ | |
| इलाम | २ | १ | |
| कञ्चनपुर | ३ | | |
| कपिलवस्तु | १ | | |
| पाँचथर | ३ | ३ | |
| जम्मा | ३८ | ८ | १ |

नागरिकले आफ्ना प्रतिनिधि मार्फत शासनमा सहभागिता जनाउने, आफैं निर्वाचित हुन उम्मेदवारी दिन पाउने र शासन व्यवस्थामा सहभागी हुन पाउने अधिकारलाई मानव अधिकारको रूपमा लिइन्छ। नेपालको संविधान २०७२ ले सार्वभौमसत्ता नेपाली जनतामा रहने, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्रिक शासन प्रणाली, आवधिक निर्वाचनलाई संवैधानिक सुनिश्चितता गरिएको छ भने राजनीतिक दल खोल्ने स्वतन्त्रता विचार र अभिव्यक्ति स्वतन्त्रता, समानुपातिक समावेशी सिन्द्धातको आधारमा राज्यमा निकायमा सहभागिताको हक जस्ता विषयलाई मौलिक हकको रूपमा समावेश गरेको छ।

**आजको निर्वाचनमा जे देखियो।**

- विभिन्न जिल्ला तथा मतदानस्थलमा ५० भन्दा बढी विष्फोटक पदार्थ भेटिए पछि मतदातामा त्रासको वातावरण सिर्जना भएको पाइयो।
- देशका जिल्लामा भएको विवादकाक्रममा प्रहरीले हवाइफायर गरेको पाइयो।
- मतदानस्थल सानो हुँदा मतदान प्रकृया अली लामो भएको पाइयो।
- मतदान प्रकृयाकाबारेमा भएको अलमलका कारण प्रदेश सभा र प्रतिनिधि सभाको मतपत्र यताउता हुँदा विवाद भएको पाइयो जसका कारण मतदान प्रकृया अवरुद्ध भएको पाइयो।
- निर्वाचन सामग्रीको उचित व्यवस्थापन भएको हुँदा मतदान प्रकृयामा कुनै अप्ठ्यारो भएको पाइएन।

| जिल्ला | हवाइ फायर | घाइते |
|---|---|---|
| रौतहट | ३ | |
| सिरहा | ३ | |
| चितवन | १ | |
| दोलखा | २६ | |
| हुम्ला | १८ | |
| बाजुरा | ५ | |
| डोटी | ४ | |
| ताप्लेजुङ | ४ | |
| स्याङ्जा | २ | |
| बझाङ | | १ |
| दार्चुला | ३ | |
| जम्मा | ६९ | १ |

- ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने प्रकृया सहज गरेको पाइयो।

- बाँकेको बैजनाथ गाउँपालिकाअन्तर्गत प्रभात नमूना माविमा रहेका ३ हजार ८ सय ४ मतदातामध्ये आजको मतदानमा सहभागी हुने ९० प्रतिशत मतदाता महिला रहेका थिए । मतदान केन्द्रका अधिकांश पुरुष मतदाता रोजगारीका लागि देश बाहिर गएको पाइयो ।
- काठमाडौं तथा ललितपुरका धेरैजसो मतदानस्थलमा पत्रकार तथा पर्यवेक्षकलाई अवरोध गरेको पाइयो ।

**निष्कर्ष**

मूलतः निर्वाचन स्वतन्त्र, निष्पक्ष भए नभएको, निर्वाचनको सिलसिलामा उम्मेदवार र राजनीतिक दलका प्रतिनिधिले समेत प्रचारप्रसार गर्न नपाएको, अभिव्यक्तिको स्वतन्त्रता, सभा सम्मेलन गर्ने स्वतन्त्रता आमसभा तथा शान्तिपूर्ण जुलुस सञ्चालन गर्न पाए नपाएको, उम्मेदवारले निर्वाचनको सिलसिलामा बालबालिकाको प्रयोग गरे नगरेको जस्ता विषयहरू मानव अधिकारसँग अन्योन्याश्रित रहेका हुन्छन् । त्यसका अतिरिक्त मतदान केन्द्र आममतदातालाई पायक पर्ने, अपाङ्गमैत्री स्थान छनौट भए नभएको, मतदाताहरूको मतदान केन्द्रको सुरक्षा बन्दोबस्ती र वातावरणको कारण मतदाताले गोप्य रूपमा मतदान गर्न पाए नपाएको विषय समेत मानव अधिकारका विषय हुन् । सिमान्तकृत नागरिकको खासगरी जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति लगायतका मतदातालाई विशेष व्यवस्था खानेपानी र शौचालयको व्यवस्था र स्वतन्त्र पर्यवेक्षकको अनुगमनमा पहुँचको विषय समेत निर्वाचन र मानव अधिकार संरक्षणका लागि महत्वपूर्ण पक्षहरू रहेका हुन्छन् ।


इन्सेक insec

मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं

फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१

इमेलः insec@insec.org.np, inseconline@insec.org.np

वेबसाइटः www.insec.org.np, www.inseconline.org